1628219790152.jpg

https://mail.google.com/mail/u/0/

फोन नं: ०२५-५६०१६२

प्रदेश सरकार
भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

प्रदेश नं.१
इनरूवा, सुनसरी

सूचना नं.: १/२०७८।०७९

## मत्स्य तथा पशु विकास ब्लक कार्यक्रम मांग गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।०४।२२
आवेदन पेश गर्ने अन्तिम मिति : २०७८।०५।१९

यस विज्ञ केन्द्रको आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फ तपसिल वमोजिमका नयां ब्लक विकास कार्यक्रम संचालनको लागी क्षेत्र निर्धारण गर्नुपर्ने भएकोले परियोजना कार्यान्वयन म्यानुअल २०७७ ले तोके बमोजिमका शर्तहरू पालना गरि साझेदारी गर्न इच्छुक आवेदकहरूबाट अनुसूची-६ बमोजिमको आवेदन र अनुसूची-७ अनुसारको आधारभुत तथ्यांङ्ग फारम भरि यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समय भित्रमा आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्धारा जानकारी गराईन्छ । थप जानकारीको लागी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीको फोन न. ०२५-५६०१६२ र ०२५-५६१९८२ मा सम्पर्क गर्न हुन अथवा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको वेवसाइट www.pmamp.gov.np बाट परियोजना कार्यान्वयन म्यानुअल २०७७ डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ । प्रस्तावित कार्यक्रमहरूमा ५० प्रतिशत रकम सम्वन्धीत साझेदारले सहकार्य गर्नु पर्नेछ ।

कार्यक्रम विवरण

| सि. नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रति इकाई अधिकतम अनुदान रकम रू. (लाखमा) | इकाई | प्रति ब्लकको लागी आवश्यक संख्या क्षेत्रफल | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नैया ब्लक विकास कार्यक्रम (मत्स्य) | संख्या | १ | ४० | हेक्टर | ६० | मत्स्य जोन क्षेत्र तथा पहिले मत्स्य ब्लक संचालन भएको पालिका बाहेकका क्षेत्र अन्तर्गतका<br>• कृषि/ पशु सहकारी संस्था<br>• समूह/ समिति<br>• प्रचलित कानुन बमोजिम दर्ता व्यवसायीक फर्म/ कम्पनी |
| २ | भैसीको ब्लक विकास कार्यक्रम(अन्य) | संख्या | १ | ७० | उन्नत संख्या<br>स्थानिय / वर्णशंकर संख्या | २००<br>४०० | दैनिक २००० लिटर दुध संकलन गर्ने वा हुन सक्ने क्षेत्र अन्तर्गतका<br>• कृषि/ पशु सहकारी संस्था<br>• समूह/ समिति<br>• प्रचलित कानुन बमोजिम दर्ता व्यवसायीक फर्म/ कम्पनी |
| ३ | बाख्राको ब्लक विकास कार्यक्रम(अन्य) | संख्या | १ | ३५ | संख्या | ५००० | क्लष्टर वा एउटै कोरिडोरमा तोकिएको बाख्रा संख्या भएको वा हुन सक्ने क्षेत्र अन्तर्गतका<br>• कृषि/ पशु सहकारी संस्था<br>• समूह/ समिति<br>• प्रचलित कानुन बमोजिम दर्ता व्यवसायीक फर्म/ कम्पनी |

आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरू :

| | |
|---|---|
| १ | अनुसूची - ६ बमोजिमको ढांचामा आवेदन पत्र । |
| २ | अनुसूची- ७ बमोजिमको आधारभुत तथ्याक फारम । |
| ३ | अध्यक्ष वा संचालकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी । |
| ४ | प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संस्था/ फार्म/ व्यवसाय दता / नविकरण र पान / भ्याट दर्ता र पछिल्लो कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी । |
| ५ | समूह /समिति सहकारीको कार्य समितिको निर्णयको प्रतिलिपी । |
| ६ | स्थानिय तहको सिफारिश पत्र |
| ७ | अनुदानको लागी आवेदन दस्तुर : व्यक्तिगत प्रति आवेदनको लागी रू. १००।०, संस्थागत (समूह, समिति, सहकारी, निजी फर्मको लागी प्रति आवेदन रू. २००।०, ५० लाख वा सो भन्दा बढि कुल लागत भएको आयोजनाको लागी अनुदान माग गर्ने व्यक्तिगत वा संस्थागत दुबैको लागी प्रति आवेदन रू. ५००।० तिरेको रसिद । |

नोट : अनुदान संग सम्वन्धित तोकिएको ढांचा अनुसारको फार्मेटहरू सम्वन्धित स्थानिय तह तथा यस विज्ञ केन्द्रबाट उपलव्ध गराईनेछ । थप जानकारीको लागी श्री गोपाल अधिकारी, ना.प्रा.स. ९८४२४०२०१९ मा सम्पर्क राख्नु होला ।